राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

२०७५ भाद्र १७

## प्रहरी हिरासतमा मृत्यु भएको घटनाप्रति आयोगको ध्यानाकर्षण ।

उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादवको उपस्थितिमा बर्दियामा आयोजित एक कार्यक्रमबाट राज्यविप्लवको आरोपमा २०७५ भाद्र ७ गते पक्राउ गरिएका बाँके जिल्लाका ३० वर्षीय राम मनोहर यादवको प्रहरी हिरासतमा रहेको अवस्थामा उपचारको क्रममा मृत्यु भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगको नेपालगञ्ज कार्यालयले यस घटनाका साथै निजसँगै पक्राउ गरी हिरासतमा राखिएका अन्यको अवस्था सम्बन्धमा अनुसन्धान प्रारम्भ गरेको छ । यसै क्रममा पीडितको तर्फबाट घटनाको निष्पक्ष छानवीन गरी दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति प्रदान गर्न आग्रह गर्दै आयोगका अध्यक्ष अनूप राज शर्मालाई आज ज्ञापन पत्र समेत बुझाइएको छ । ज्ञापन पत्र ग्रहण गर्दै आयोगका अध्यक्षले “आयोगले यस घटनाको सत्यतथ्य छानवीन गरी प्रतिवेदनको आधारमा आवश्यक कार्यवाही अघि बढाइने” बताउनु भयो ।

कुनै पनि व्यक्तिलाई पक्राउ गरेपछि प्रभावकारी स्वास्थ्य परीक्षण गर्नुपर्ने एवं थुनामा रहँदा शारीरिक वा मानसिकरुपमा विरामी परेमा शीघ्र प्रभावकारी स्वास्थ्योपचारको व्यवस्था गरी व्यक्तिको जीवनको अधिकार संरक्षण गर्ने गराउने कार्यमा संवेदनशील हुन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org